# सन्दकपुर गाउँपालिको कर्मचारी तथा जनप्रतिनिधिको इन्धन तथा सवारी साधन मर्मत सुविधा २०८१ (प्रथम संशोधन),२०८२

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०५।१९**
**प्रमाणीकरण मितिः २०८२।०५।२०**

**पृष्ठभूमीः**

प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारी तथा जनप्रतिनिधिहरुको मनोवल उच्च राखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन तथा सवारी मर्मत सम्बन्धी मापदण्ड बनाउनुपर्ने आवश्यकता देखिएकोले सन्दकपुर गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने)ऐन २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मापदण्डको नाम सन्दकपुर गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको इन्धन तथा सवारी मर्मत सुविधा, २०८१ (प्रथम संसोधन), २०८२ रहेको छ।

(ख) यो मापदण्ड २०८२ साल असोज १ गते देखि लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः**

यो मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले सन्दकपुर गाउँपालिकालाई जनाउँछ।

(ख) "कार्यपालिका" भन्नाले सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकालाई जनाउँछ।

(ग) "अध्यक्ष" भन्नाले सन्दकपुर गाउँपालिका अध्यक्षलाई जनाउँछ।

(घ) "उपाध्यक्ष" भन्नाले सन्दकपुर गाउँपालिका उपाध्यक्षलाई जनाउँछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाने सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(च) "वडा अध्यक्ष" भन्नाले सन्दकपुर गाउँपालिकाका ५ वटै वडाका अध्यक्षहरुलाई जनाउँछ।

(छ) "शाखा प्रमुख" भन्नाले सन्दकपुर गाउँपालिकाको कार्यालयमा शाखा प्रमुखको रुपमा काम गर्ने कर्मचारीहरुलाई जनाउँछ।

(ज) "कार्यपालिका सदस्य" भन्नाले सन्दकपुर गाउँपालिकाका कार्यपालिकामा रहनुहुने जनप्रतिनिधिहरुलाई जनाउँछ।

(झ) "वडा सदस्य" भन्नाले सन्दकपुर गाउँपालिकाका ५ वटै वडाका वडा सदस्यहरुलाई जनाउँछ।

(ञ) "कर्मचारी" भन्नाले सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयमा कार्यरत तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत सम्पूर्ण अधिकृत कर्मचारी, सहायक कर्मचारी, कार्यालय सहयोयी, सवारी चालक लयायतका कर्मचारिहरुलाई जनाउनेछ।

(ट) "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ठ) "तोकिएको अधिकारी" भन्नाले सवारी साधन जिम्मा बुझि उपयोग गर्ने जिम्मेवार अधिकार प्राप्त अधिकारीलाई जनाउँछ।

## परिच्छेद २

तन्त्रकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मातुमोड देउराली, इलाम
कोशी प्रदेश नेपाल
२०७३

## इन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी व्यवस्था

**३. इन्धन तथा सवारी मर्मत सुविधाः**

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरि नियमित रुपमा कार्यालयमा कामकाजमा खटिरहनुभएका जनप्रतिनिधिहरुलाई अनूसुची -१ बमोजिमको इन्धन तथा सवारी मर्मत सुविधा उपलब्ध गराउन सकिनेछ ।

ख. सरकारी तथा निजी सवारी साधन प्रयोग गरि नियमित रुपमा कार्यालयमा कामकाजमा खटिरहेका प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई अनूसुची -२ बमोजिमको इन्धन तथा सवारी मर्मत सुविधा उपलब्ध गराउन सकिनेछ ।

ग. कार्यालयमा नियमित रुपमा कार्यरत सम्पूर्ण कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिलाई इन्धन सुविधा उपलब्ध गराइनेछ साथै मर्मत सुविधाको हकमा आफुले प्रयोग गरिराखेको सवारी साधनको ब्लुवुकलाई अनिवार्य कार्यालयमा पेश गरेको हुनुपर्नेछ ।

घ. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरि राख्नुपर्नेछ ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

च. अनुसूची २ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारीलाई १५ दिनभन्दा बढी समय विदामा वसेमा उक्त महिनामा गैरहाजिर रहेको दिनको अनुपातमा इन्धन सुविधा कटौती गरिनेछ । लगातार १ महिना भन्दा बढी समय विदामा वस्नुपरेमा सो अवधिको इन्धन सुविधा उपलब्ध गराइने छैन ।

छ. शसर्त अनुदान तथा कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुलाई समेत इन्धन तथा सवारी मर्मत शिर्षकमा विनियोजित बजेटबाट यसै मापदण्ड बमोजिम इन्धन तथा सवारी मर्मत सुविधा उपलब्ध गराइनेछ ।

ज. अतिथि शिर्षकमा इन्धन उपलब्ध गराउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्विकृतिमा मात्र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**४. थपघट, हेरफेर वा संशोधनः**

विधान समितिको सिफारिसमा कार्यपालिकाले यस मापदण्डलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**५. बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस मापदण्डको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन् ।

### अनूसूची-१

### जनप्रतिनिधिहरुको लागि मासिक इन्धन तथा मर्मत सुविधाः

| सि.नं. | पद/जिम्मेवारी | इन्धन परिमाण(मासिक) | मर्मत खर्च (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | आवश्यकता अनुसार | भाडाको गाडिलाई भए २४००००, सरकारी सवारी भएमा आवश्यकता अनुसार | |
| २. | उपाध्यक्ष | आवश्यकता अनुसार | भाडाको गाडिलाई भए २४००००, सरकारी सवारी भएमा आवश्यकता अनुसार | |
| ३. | वडा अध्यक्ष | २० लि. | १५००० निजि भएमा | |
| ४. | कार्यपालिका सदस्य | १० लि. | १५००० निजि भएमा | |
| ५. | वडा सदस्य | १० लि. | १५०० निजि भएमा | |

१.सरकारी नम्बर प्लेकट र गाउँपालिकाले भाडामा लिई प्रयोग गरिरहेका चार पाङ्गे सवारी साधनहरुलाई लगबुक अनिवार्य राखि आवश्यकता अनुसार इन्धन तथा मर्मत उपलब्ध गराउन बाधा पर्ने छैन।

३. गाउँपालिकामा रहेका जनप्रतिनिधिलाई माथि इन्धन परिमाणमा उल्लेखित इन्धन बराबरको रकम बमोजिमको मु.अ.कर सहितको विजक पेश गरे पश्चात नगदै उपलब्ध गराइनेछ।

४.इन्धन सुविधा बापतको रकम जनप्रतिनिधिको खातामा त्रैमासिक रुपमा भुक्तानी गरिनेछ।

**इन्धन सुविधा प्राप्ति सम्बन्धि:**

१. इन्धन सुविधा प्राप्त गर्न जनप्रतिनिधहरुले आफ्नो सवारी चालक अनुमतिपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**मर्मत सुविधा सम्बन्धि:**

१. गाउँपालिकाको नाममा रहेको सरकारी सवारी साधन(दुई पाङ्ग्रे) मर्मत बापत मर्मत आदेशका आधारमा खरिद मुल्य रु.६०००००/- बराबरका सवारी साधनलाई अधिकतम बार्षिक रु.३०,०००/- (अक्षेरुपी तीस हजार मात्र) र खरिद मुल्य रु.६०००००/- भन्दा माथिका सवारी साधनलाई अधिकतम वार्षिक रु. ४५,०००/- (अक्षेरुपी पैतालीस हजार मात्र ) मर्मत खर्च उपलब्ध गराईने छ।

## अनूसूची-२

### कर्मचारीहरुको लागि मासिक इन्धन तथा मर्मत सुविधा:

| सि.नं. | पद/जिम्मेवारी | इन्धन परिमाण(मासिक) | मर्मत खर्च (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | आवश्यकता अनुसार | भाडाको चार पाङ्ग्रे गाडिलाई भए २४००००, सरकारी सवारी भएमा आवश्यकता अनुसार | |
| २. | शाखा प्रमुख | १० लि. | १५००० निजि भएमा | |
| ३. | अधिकृत स्तर कर्मचारी | १० लि. | १५०००, निजि भएमा | |
| ४. | वडा सचिव | १० लि. | १५०००, निजि भएमा | |
| ५. | नियमित फिल्डमा खटिने कर्मचारी | २० लि. | १५००० निजि भएमा | |
| ६. | सहायक स्तर कर्मचारी | १० लि. | १५००० निजि भएमा | |
| ७. | ह.स.चा./कार्यालय सहयोगी तथा अन्य कर्मचारी | १० लि. | १५००० निजि भएमा | |

१. गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई माथि इन्धन परिमाणमा उल्लेखित इन्धन बराबरको रकम बमोजिमको मु.अ.कर सहितको विजक पेश गरे पश्चात नगदै उपलब्ध गराइनेछ।

२. इन्धन सुविधा बापतको रकम कर्मचारीको खातामा त्रैमासिक रुपमा भुक्तानी गरिनेछ।

**इन्धन सुविधा प्राप्ति सम्बन्धि:**

१. इन्धन सुविधा प्राप्त गर्नका जनप्रतिनिधहरुले आफ्नो सवारी चालक अनुमतिपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**मर्मत सुविधा सम्बन्धि:**

१. गाउँपालिकाको नाममा रहेको सरकारी सवारि साधन(दुई पाङ्ग्रे) मर्मत बापत मर्मत आदेशका आधारमा खरिद मुल्य रु.६०००००/- बराबरका सवारी साधनलाई अधिकतम बार्षिक रु.३०,०००/- (अक्षेरुपी तीस हजार मात्र) र खरिद मुल्य रु.६०००००/- भन्दा माथिका सवारी साधनलाई अधिकतम वार्षिक रु. ४५,०००/- (अक्षेरुपी पैतालीस हजार मात्र ) मर्मत खर्च उपलब्ध गराईने छ।